# मिति २०७७।१०।२६ गतेको १०२ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १ :** (क) यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७।७८ को २०७७ माघ २३ र २४ मा सम्पन्न अर्धवार्षिक समीक्षा गोष्ठिमा सम्पूर्ण वडाहरु तथा शाखाहरुबाट प्रस्तुत भएको प्रगति प्रतिवेदनको एकीकृत प्रतिवेदन बैठकमा पेश भयो। सो प्रतिवेदनमा उल्लेखित राय सुझावहरुको क्रमश कार्यान्वयन गर्दै जाने र समस्याहरुको तत्काल समाधान प्रक्रिया अघि बढाउने।

(ख) एकीकृत समिक्षा प्रतिवेदन आगामी नगर सभामा सम्पूर्ण सदस्यहरुलाई वितरण गरी छलफल /पारित गर्ने।

**निर्णय नं २ :** भूमी सम्बन्धी समस्या समाधान आयोगको कार्य संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने।

**देहाय**

(क) कर्मचारी परिचालन तर्फ जम्मा रकम रु १३ लाख र संचालन तथा व्यवस्थापन तर्फ रु २२ लाख गरी चालु आर्थिक वर्षको लागि जम्मा बजेट रकम रु ३५ लाख स्वीकृत गर्ने।

(ख) प्रकरण क बमोजिमको रकम नगरपालिकामा चालु आर्थिक वर्षको लागि कोरोना संक्रमण नियन्त्रण तथा उपचार कोष तर्फ विनियोजित बजेट रु ५ करोड मध्ये कार्यक्रम संशोधन रकमान्तर गरी खर्च गर्ने।

(ग) यस निर्णय बमोजिमको खर्च गर्दा इकाईबाट पेश भएको पाना थान २ बमोजिम गर्ने।

**निर्णय नं ३ :** (क) यस नगरपालिकाको मिति २०७७।१०।२८ गते देखी सुरु हुने आठौं नगर सभामा प्रस्तुत हुने देहायका विषयमा दफावार छलफल गरियो। छलफलमा उठेका विषयवस्तुहरु समेटी सो विषयहरु नगरसभामा स्वीकृतिका लागि पेश गर्ने।

**देहाय** (क) चालु आर्थिक वर्ष २०७७।७८ को अर्धवार्षिक प्रगती समीक्षा

(ख) चालु आर्थिक वर्ष २०७७।७८ को बजेट योजना तथा कार्यक्रम स्वीकृतीका लागि पेश गर्ने।

(ग) प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७

(घ) न्यायीक समिती कार्यविधि सम्बन्धी ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७

(ङ) वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

(च) स्थानीय सेवा विधेयक २०७७

(छ) नगरसभामा सदस्यहरुलाई सार्वजनिक महत्वका विषयमा बोल्न समय प्रदान गर्ने

(ज) समग्र विषयमा विषयगत समितिका संयोजकहरु उपप्रमुख र प्रमुखले धारणा राख्ने /जवाफ दिने ।

Scanned with CamScanner

**निर्णय नं ४ :** (क) कर्णाली प्रदेश नै सडक मानव मुक्त घोषणा भई कार्यान्वयनमा सहयोग पुर्‍याउँदै आएको वीरेन्द्रनगर १२ स्थित मावन सेवा आश्रमको लागि वार्षिक घरभाडा रकम रु ६ लाख कोरोना रोकथाम तथा नियन्त्रण कोषबाट नगरपालिकाले भुक्तानी गरिदिने ।

(ख) पशु सेवा शाखाको पशु सेवा निर्देशनालय सँग म्याचिङ वडाहरुमा समन्वय गरी गर्ने ।

(ग) कृषि शाखाको प्रस्ताव स्वीकृत म्याचिङ गर्दा वडा सँग गर्ने ।

(घ) वडा न १० को जग्गा खरिद सम्बन्धमा वडा समितिको निर्णयानुसार वडा कार्यालयले पेश गरेको शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण गर्नका लागि गत आर्थिक वर्ष २०७६।७७ मा खरिद भएको जग्गाकव साँधमा रहेको थप जग्गा खरिद प्रस्ताव सम्बन्धमा जग्गा प्राप्ति कार्यविधि तथा प्रचलित कानुनमा जुनसुकै प्रावधान उल्लेख भएको भएता पनि कि न १३७ क्षेत्रफल ०-६-१८-१ मध्ये ०-०-६ क्षेत्रफलको जग्गा रु ८,१०,०००। मा खरिद गर्ने र सोही बमोजिम भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं ५ :** वडा न ६ को वडा कार्यालयको लागी दशरथपथ टोल विकास संस्थामा पर्ने नेपाल साल्टेनिङ कर्पोरेसनको गोदामको दक्षिण तर्फ खाध्य संस्थानको पश्चिम तर्फ र फुडसलको उत्तर तर्फ पर्ने ऐलानी प्रति सार्वजनिक जग्गामा भवन निर्माणका लागि जग्गा व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेतमा सहयोगको लागी पत्राचार गर्ने ।

**निर्णय नं ६ :** यस नगरपालिकाका विभिन्न वडाबाट योजनाहरु संशोधनका लागि सिफारिस भई आएको सन्दर्भमा देहाय बमोजिम हुने गरी संशोधनको स्वीकृती प्रदान गर्ने ।

| क्र.स | वडा | साविकका योजना | रकम | संशोधन भई कायम हुने योजना | रकम |
|---|---|---|---|---|---|
| १ | ६ | आ व २०७६।७७ मा वडा कार्यालयको भेरी मोक्ष घाटको क्रमागत योजनाको बाँकी रकम | ५ लाख | वीरेन्द्रचोक र गणेशचोकमा टावर लाईट निर्माण कार्य | ५ लाख |
| २ | ८ | धिरेन्द्र चन्दको घर देखी पुर्व तर्फ सतह ढल तथा कालो पत्रे | २० लाख | चन्द्र ब क सीको घर देखी पुर्व तर्फ रजाली टोलमा सतह ढल तथा कालो पत्रे | २० लाख |
| ३ | १२ | पूर्वाधार विकास कार्यक्रमको सि न ६ मा उल्लेखित योजनाको ठेक्का टेण्डरबाट बचेको रकम | | यसै योजनालाई क्रमश अगाडी बढाउने | |

Scanned with CamScanner